नेपाल सरकार

शिक्षा तथा खेलकुद मन्त्रालय

## पाठ्यक्रम विकास केन्द्र

सानोठिमी, भक्तपुरको

विज्ञसूची (Roster List) का लागि निवेदन दर्ता गर्नेसम्बन्धी सूचना

(सूचना प्रकाशन मिति २०८३/०३/२५)

पाठ्यक्रम विकास केन्द्रले विद्यालय शिक्षाका पाठ्यक्रम तथा पाठ्यपुस्तक विकास, अद्यावधिक तथा परिमार्जन, मूल्याङ्कनलगायतका कार्यलाई गुणस्तरीय, प्रभावकारी एवम् सुव्यवस्थित बनाउने उद्देश्यले तपसिलबमोजिमका विषयहरूका लागि विज्ञसूची तयार गर्नुपर्ने भएकाले तोकिएबमोजिम योग्यता र अनुभव पूरा गर्नुभएका इच्छुक नेपाली नागरिकले निम्नानुसारको विवरणसहित सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिनभित्र यस केन्द्रमा आइपुग्ने गरी तोकिएको ढाँचामा निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ।

**१. विषयहरू**

(क) प्रारम्भिक बालशिक्षादेखि आधारभूत तह र माध्यमिक तहसम्मका अनिवार्य तथा ऐच्छिक विषयहरू

(ख) माध्यमिक तह प्राविधिक तथा व्यावसायिक धारतर्फका व्यावसायिक विषयहरू

(ग) गुरुकुल, संस्कृत, वेद विद्याश्रम, मातृभाषा, मदरसा, मुन्धुम, विहार र गोन्पातर्फका विषयहरू

**२. सर्तहरू**

(क) विज्ञहरूको सूची दर्तासम्बन्धी निवेदन पाठ्यक्रम विकास केन्द्रको वेबसाइटमा उपलब्ध गराइएको ढाँचाबमोजिम हुनुपर्ने छ। निवेदनमा उल्लिखित तथ्यको पुस्ट्याइँ हुने कागजातहरू संलग्न हुनुपर्ने छ।

(ख) बुँदा न. १ मा उल्लिखित विषयहरूका सन्दर्भमा विज्ञसूचीमा नाम दर्ता गर्न आधारभूत तहसम्मका लागि सम्बन्धित विषयमा न्यूनतम स्नातक तह उत्तीर्ण र माध्यमिक तहका हकमा न्यूनतम स्नातकोत्तर तह उत्तीर्ण गरी सो विषय अध्यापनरत वा पाठ्यक्रम विज्ञ वा विषयविज्ञ वा सम्बन्धित विषयको लेखक वा मूल्याङ्कनकर्ता हुनुपर्ने छ।

(ग) मातृभाषा, मदर्सा, मुन्धुम, विहार र गोन्पातर्फ सम्बन्धित विषयको योग्यता नभएमा कुनै विषयमा आधारभूत तहका लागि न्यूनतम स्नातक र माध्यमिक तहका लागि न्यूनतम स्नातकोत्तर गरी सो विषयको शिक्षण वा सम्बन्धित विषयको पाठ्यक्रम तथा पाठ्यसामग्री विकाससम्बन्धी कार्य गरेको वा पाठ्यपुस्तक मूल्याङ्कन गरेको वा विषयविज्ञ वा विषयविद् हुनुपर्ने छ।

(घ) विज्ञको नवीकरण, सूचीकरण तथा परिचालनसम्बन्धी अन्तिम निर्णय गर्ने अधिकार पाठ्यक्रम विकास केन्द्रमा निहित रहने छ। पाठ्यक्रम, पाठ्यपुस्तक तथा सामग्री विकास र पाठ्यसामग्री मूल्याङ्कन कार्यमा यस केन्द्रले विज्ञसूचीबाट आवश्यकतानुसार विज्ञ परिचालन गर्न सक्ने छ।

**३. निवेदनसाथ संलग्न गर्नुपर्ने आवश्यक कागजातहरू**

(क) बुँदा नं. २ को (ख) र (ग) मा उल्लेख भएबमोजिमको शैक्षिक योग्यता र अनुभवका प्रमाणित प्रतिलिपि

(ख) नेपाली नागरिकता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि

(ग) पान (PAN) कार्डको प्रमाणित प्रतिलिपि

**४. इमेलमार्फत विज्ञसूचीमा दर्ता गर्न चाहने विज्ञले निवेदनसहित सम्पूर्ण आवश्यक कागजातको Scan Copy लाई pdf file बनाई इमेल ठेगानाः cdcnepal078@gmail.com मा पठाउन सकिने छ।**

**५. विज्ञसूचीसम्बन्धी विषयहरूको विस्तृत विवरण केन्द्रको वेबसाइट moecdc.gov.np बाट प्राप्त गर्न सकिने छ।**

**द्रष्टव्य : गतवर्ष विज्ञसूचीमा सूचीकृत भएका विज्ञहरूले पुनः नवीकरण गर्न चाहेमा तोकिएको ढाँचामा हरेक वर्ष निवेदन मात्र दर्ता गराए पुग्ने छ। अन्य कागजात संलग्न गर्नुपर्ने छैन। तर नयाँ सूचीकृत हुन चाहने आवेदकका हकमा बुँदा नं ३ बमोजिमका आवश्यक कागजात समावेश नभएका आवेदनउपर कुनै कारवाही हुने छैन। थप जानकारीका लागि सम्पर्क फोन : ०१६६३०५८८**

श्रीमान् महानिर्देशकज्यू,
पाठ्यक्रम विकास केन्द्र
सानोठिमी, भक्तपुर

**विषय : विज्ञसूचीमा सूचीकृत हुन पाऊँ।**

प्रस्तुत विषयमा त्यस केन्द्रको देहायबमोजिमका विषयमा विज्ञका रूपमा सूचीकृत/नवीकृत हुन पाऊँ भनी तपसिलको विवरणसहित आवश्यक कागजात संलग्न गरी यो निवेदन पेस गरेको छु।

तपसिल

**(क) विषय विज्ञका रूपमा सूचीकृत/नवीकृत हुन चाहेका बढीमा दुई विषय प्राथमिकताका आधारमा उल्लेख गर्नुपर्ने छ। दुबै विषयको विज्ञका रूपमा सूचीकृत हुनका लागि पुष्टि गर्ने शैक्षिक योग्यताका प्रमाणपत्र, अनुभवलगायतका कागजात पेस गर्नुपर्ने छ।**

| क्र.स. | विज्ञका रूपमा सूचीकृत हुन चाहेको | | विषयसँग सम्बन्धित कार्य अनुभव | | कैफियत |
|---|---|---|---|---|---|
| | विषय | तह | विज्ञताको क्षेत्र | अनुभव वर्ष | शैक्षिक योग्यता, अनुभवलगायतका प्रमाणपत्र अनिवार्य पेस गर्नुपर्ने छ। |
| | | | | | |
| | | | | | |

**(ख) शैक्षिक योग्यता (स्नातक, स्नातकोत्तर, एमफिल र सोभन्दा माथिल्लो योग्यताका प्रमाणपत्र पेस गर्नुपर्ने छ)**

| उपाधि | अध्ययन गरेको मुख्य विषय | उत्तीर्ण वर्ष | उत्तीर्ण श्रेणी | कार्यरत पद र संस्था (शिक्षक/प्राध्यापक पदमा कार्यरत भए तह, श्रेणी, अध्यापनरत विषय, अनुभव वर्ष र तालिम भए सोसमेत खुलाउनुपर्ने छ।) |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

**(ग) विषयसँग सम्बन्धित कुनै पुस्तक र सन्दर्भ सामग्री, लेखरचना लेखन तथा अनुसन्धान आदि कार्य गरेको भएः**

| क्र. स. | सामग्रीको नाम | प्रयोजन | प्रकाशन वर्ष | प्रकाशक |
|---|---|---|---|---|
| १. | | | | |
| २. | | | | |
| ३. | | | | |

मलाई पाठ्यक्रम विकास केन्द्रबाट विज्ञसूचीमा समावेश हुन नपाउने गरी कुनै कारबाही नभएको साथै केन्द्रबाट प्रकाशन गरिने विज्ञसूचीमा सूचीकृत हुन प्रचलित कानुनले अयोग्य नरहेको घोषणा गर्छु ।

**द्रष्टव्य : नवीकरण गर्ने प्रयोजनार्थ निवेदकले भर्नुपर्ने विवरण :**

पाठ्यक्रम विकास केन्द्रको विज्ञसूचीमा समावेश भएका वर्ष : ……………………………………………

पाठ्यक्रम विकास केन्द्रको विज्ञसूचीमा समावेश भएका तह र विषय : ……………………………………………

**उपर्युक्त विवरण ठिक साँचो हो । झुठा ठहरे कानुनबमोजिम सहुँला, बुझाउँला ।**

निवेदकको नाम, थरः ...................................................................................

स्थायी ठेगानाः जिल्ला ............................................... न. पा./गा. पा. .................................................................. वडा न. .........................

मोबाइल नम्बरः ........................................................... इमेल ठेगानाः ..................................................................................................

कार्यरत भए संस्थाको नाम र ठेगानाः .............................................................................................................................................

हस्ताक्षरः.......................................................... मितिः.........................................................